आज मिति २०८०/०७/२३ गते बिहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:**

यस धनगढी उप-महानगरपालिकाको मिति २०८०/०३/१० मा सम्पन्न १० औँ नगरसभाको बैठकबाट चालु आ.व. ०८०/०८१ देखि वडाको विनियोजन बजेट वडाबाटै वडा सचिव र लेखा समूहका कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने गरी वडालाई अख्तियारी प्रदान गर्ने निर्णय भए बमोजिम वडा कार्यालयबाट खाता सञ्चालनको व्यवस्था मिलाउन सबै वडा कार्यालयहरुमा सहायकस्तर चौथो तहको सह-लेखापालको १९ वटा दरबन्दी कायम गर्न आगामी हिउँदे नगरसभाको बैठकमा प्रस्ताव पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने र उक्त दरबन्दीहरुमा स्थायी पदपूर्ति नभएसम्म हालको स्वीकृत लेखा समूहमा कार्यरत मौजुदा कर्मचारीहरुबाट सबै वडा कार्यालयहरुमा खाता सञ्चालनको व्यवस्था मिलाउने गरी स्वीकृतिका लागि श्री महालेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

यस धनगढी उप महानगरपालिका अन्तर्गत संचालित तपशिल बमोजिमका विगत वर्ष देखि संचालित समयमा सम्पन्न नभएको योजनाहरुको पटक पटक म्याद थप गर्दा समेत कार्य प्रगति नदेखिएकोले तपसिल बमोजिम जरिमाना र Milestone तोकी कार्य गराउने निर्णय गरियो।

**तपशिल :**

| सि. नं. | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | भौतिक प्रगति | सिफारिस | म्याद थप गर्नु पर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | Construction of School Building of Janata Rastriya Secondary School Ward No. 13 (8/DSMC/2077/78) | रु. ८६,२०,४८२.८५ | पौष १४, २०७७ | पौष ३० , २०७९ | ४५% | म्याद थप गरि सम्पन्न गर्नु पर्ने अन्तिम मिति पौष ३०, २०७९ भएकोमा सार्बजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० क. बमोजिमको सुबिधा उपलब्ध गराई २०८० असार मसान्त सम्म म्याद थप गर्ने र सो मिति देखि अधिकतम २०० दिन वा सम्झौता रकमको १० % सम्म नियमानुसार पुर्व निर्धारित क्षतिपुर्ति लगाई काम सम्पन्न गर्ने गरि कार्यादेश दिने र सो अवधिमा ९० % सम्म काम सम्पन्न नभएमा सोहि मिति देखि ठेक्का तोड्ने प्रक्रिया बढाउने र हाल काम गर्ने सहज वातावारण बनाउन पुर्व निर्धारित क्षतिपुर्ति लगाई Variation sheet स्वीकृति गरि Running bill भुक्तानी दिने व्यवस्था गर्ने। | २०८०. असार मसान्त सम्म |
| २. | Construction Of Rcc Framed Structure (3 Storey 12 Classroom) Of Bhawani Secondary School ward No. 09 (11/DSMC/2078/79) | रु. १,५७,०४,००५.०९ | कार्तिक ०७, २०७८ | असार १५, २०८० | ६५% | मिति:२०७९/१२/३० गतेको म्याद थप अनुसार ,सार्बजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० १(ग) बमोजिमको म्याद थप गरिएको र सो म्याद थप अवधी सम्म निर्माण कार्य सम्पन्न गर्न नसकेमा सार्बजनिक खरिद नियमावली २०६४ को १२१ बमोजिम सम्झौता रकमको शुन्या दसमलब शुन्या पाँच (०.०५%) प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्नेगरीसो ठेक्काकोम्याद | २०८०. मंसिर मसान्त सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८० असार १५ सम्म थप गरिएको हुँदा, पुर्व निर्धारित क्षतिपुर्ति लगाउनअगाडी सो थप अवधिमा बैशाखमा झरी परेकोले ८ दिन र असारको झरीले २२ दिन गरी सब जम्मा३० दिन कावु बाहिरको अवस्था भएकोले ३० दिन compensation दिई तत्पश्चात कार्यलयलाई आर्थिक भार नपर्ने गरी २०८०श्रावण १५गतेबाट निर्माण सम्पन्न नगर्न सम्म) (हर्जाना लागेको दिनबाट अधिकतम २०० दिन ननाघ्ने गरी वा सम्झौता रकमको १०% सम्म) प्रतिदिनसम्झौता रकमको शुन्ना दसमलब शुन्ना पांच प्रतिसत पुर्व निर्धारित क्षतिपुर्ति लगाई Running bill भुक्तानी दिने व्यवस्था गर्ने। | |
| ३. | Construction Of School Building of Durga Aadharbhut School ward No. 12 (6/DSMC/2077/78) | रु. ८६,२०,४८२.८५ | पौष १४, २०७७ | पौष ३०, २०७९ | ७५% | म्याद थप गरि सम्पन्न गर्नु पर्ने अन्तिम मिति पौष ३०, २०७९ भएको सार्वजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० क. बमोजिमको सुबिधा उपलब्ध गराई २०८० असार मसान्त सम्म म्याद थप गर्ने र सो मिति देखि अधिकतम २०० दिन वा सम्झौता रकमको १० % सम्म नियमानुसार पुर्व निर्धरित क्षतिपुर्ति लगाई काम सम्पन्न गर्ने गरि कार्यादेश दिने र सो अवधिमा ९० % सम्म काम सम्पन्न नभएमा सोहि मिति देखि ठेक्का तोड्ने प्रक्रिया बढाउने र हाल काम गर्ने सहज वातावारण बनाउन पुर्व निर्धारित क्षतिपुर्ति लागाई Variation sheet स्वीकृति गरि Running bill भुक्तानी दिने व्यवस्था गर्ने। | २०८०, असार मसान्त सम्म |
| ४. | Construction of School Building of Sarada Secondary School ward no. 12 (10/DSMC/2077/78) | रु. ८६,२०,४८२.८५ | पौष १४, २०७७ | पौष ३० , २०७९ | ५% | म्याद थप गरि सम्पन्न गर्नु पर्ने अन्तिम मिति पौष ३०, २०७९ भएको सार्वजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० क. बमोजिमको सुबिधा उपलब्ध गराई २०८० असार मसान्त सम्म म्याद थप गर्ने र सो मिति देखि अधिकतम २०० दिन वा सम्झौता रकमको १० % सम्म नियमानुसार पुर्व निर्धरित क्षतिपुर्ति लगाई काम सम्पन्न गर्ने गरि कार्यादेश दिने र सो अवधिमा ९० % सम्म काम सम्पन्न नभएमा सोहि मिति देखि ठेक्का तोड्ने प्रक्रिया बढाउने र हाल काम गर्ने सहज वातावारण बनाउन पुर्व निर्धारित क्षतिपुर्ति लागाई Variation sheet स्वीकृति गरि Running bill भुक्तानी दिने व्यवस्था गर्ने। | २०८०, असार मसान्त सम्म |
| ५. | Construction of Blacktop Road With Side Drain Works Dhangadhi Sub-Metropolitan City | रु. २,८७,५५,९७७.०६/- | २०७७ असाढ १६ | २०७९ पौष ३० | ७५% | म्याद थप गरि सम्पन्न गर्नु पर्ने अन्तिम मिति पौष ३०, २०७९ भएको सार्वजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० क. बमोजिमको सुबिधा उपलब्ध गराई २०८० असार मसान्त सम्म म्याद थप गर्ने र सो मिति | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Ward No-6 ( 35/DSMC/2076/077) | | | | | देखि अधिकतम २०० दिन वा सम्झौता रकमको १० % सम्म नियमानुसार पुर्व निर्धारित क्षतिपुर्ति लगाई काम सम्पन्न गर्ने गरि कार्यदिश दिने र सो अवधिमा ९० % सम्म काम सम्पन्न नभएमा सोहि मिति देखि ठेक्का तोड्ने प्रक्रिया बढाउने र हाल काम गर्ने सहज वातावारण बनाउन पुर्व निर्धारित क्षतिपुर्ति लागाई Variation sheet स्वीकृति गरि Running bill भुक्तानी दिने व्यवस्था गर्ने । | |
| ६. | Construction of RCC Motorable Bridge (Span 1X20) at Jokaya Nala at Ward No. 11 DSMC. | रु. ३,३५,९५,४८१.८७/- | २०७८ कार्तिक १५ | २०८० असोज मसान्त | ७०% | सम्पन्न गर्नु पर्ने अन्तिम मिति २०८० असोज मसान्त भएको र हाल सम्म ७५% कार्य प्रगति भएको र प्रथम पटकको लागि म्याद थप गर्ने व्यवस्था गर्ने । | |
| ७. | Construction of RCC Motorable Bridge (Span 1X20) at Sukuti Nala at Ward No. 6Doghara Jali DSMC. | रु. २,२८,७२,२७३.९५/- | २०७८ कार्तिक १४ | २०८० असोज मसान्त | ३०% | सम्पन्न गर्नु पर्ने अन्तिम मिति २०८० असोज मसान्त भएको र हाल सम्म कार्य प्रगति कार्य तालिका बमोजिम नभएको र Milestone राखी असार मसान्त सम्म म्याद थप गर्ने सो अवधि सम्ममा पनि Milestone प्राप्त नभएमा सुरुको मिति देखि पुर्व निर्धारित क्षेतिपुर्ति लाग्ने व्यवस्था गर्ने ।<br>- Raft Foundation – माघ मसान्त<br>- Abutment – चैत्र मसान्त<br>- Deck Slab –असार १५ गते | |
| ८. | Construction of RCC Motorable Bridge (Span 1X20) at SukhahiGhurahiKhola at Ward No. 16BhadaDSMC. | रु. ३,०२,५४,५१७.९३/-. | २०७८ कार्तिक १६ | २०८० असोज मसान्त | ३०% | सम्पन्न गर्नु पर्ने अन्तिम मिति २०८० असोज मसान्त भएको र हाल सम्म कार्य प्रगति कार्य तालिका बमोजिम नभएको र Milestone राखी असार मसान्त सम्म म्याद थप गर्ने सो अवधि सम्ममा पनि Milestone प्राप्त नभएमा सुरुको मिति देखि पुर्व निर्धारित क्षेतिपुर्ति लाग्ने व्यवस्था गर्ने ।<br>- Raft Foundation – माघ मसान्त<br>- Abutment – चैत्र मसान्त<br>- Deck slab –असार १५ गते | |
| ९. | 51/DSMC/2076/77 Construction of Chatakpur Rajghat road section Ward No. 03 | रु. ३,४७,८०,१९२.३६ | २०७७ असार १४ | २०८० असार १५ | ६०% | म्याद थप गरि सम्पन्न गर्नु पर्ने अन्तिम मिति असार १५, २०८० भएको सार्बजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० क. बमोजिमको सुबिधा उपलब्ध गराई २०८० असार मसान्त सम्म म्याद थप गर्ने र सो मिति देखि अधिकतम २०० दिन वा सम्झौता रकमको १० % सम्म नियमानुसार पुर्व निर्धारित क्षतिपुर्ति लगाई काम सम्पन्न गर्ने गरि कार्यदिश दिने र सो अवधिमा ९० % सम्म काम सम्पन्न नभएमा सोहि मिति देखि ठेक्का तोड्ने प्रक्रिया बढाउने र हाल काम गर्ने सहज वातावारण बनाउन पुर्व निर्धारित क्षतिपुर्ति लागाई | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Variation sheet स्वीकृति गरि Running bill भुक्तानी दिने व्यवस्था गर्ने। | |
| १०. | Construction of Black Top Road with Side Drain Dhangadhi City ward No.-12(Chakra Khadka House To Dambar Saud House) (32/DSMC/2076/077) | रु.2,24,64,153.52 | असार १६, २०७७ | पौष १५ , २०७९ | ८०% | म्याद थप गरि सम्पन्न गर्नु पर्ने अन्तिम मिति पौष १५, २०७९ भएको सार्बजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० क. बमोजिमको सुबिधा उपलब्ध गराई २०८० असार मसान्त सम्म म्याद थप गर्ने र सो मिति देखि अधिकतम २०० दिन वा सम्झौता रकमको १० % सम्म नियमानुसार पुर्व निर्धारित क्षतिपुर्ति लगाई काम सम्पन्न गर्ने गरि कार्यदेश दिने र सो अवधिमा ९० % सम्म काम सम्पन्न नभएमा सोहि मिति देखि ठेक्का तोड्ने प्रक्रिया बढाउने र हाल काम गर्ने सहज वातावारण बनाउन पुर्व निर्धारित क्षतिपुर्ति लागाई Variation sheet स्वीकृति गरि Running bill भुक्तानी दिने व्यवस्था गर्ने। | २०८०, असार मसान्त सम्म |
| ११. | Construction of Blacktop Road with Side Drain at Ward No. 11 Dhangadhi Sub Metropolitan City (17/DSMC/2078/079) | रु. ४९,२१,४६८.०० | पौष २६, २०७८ | कार्तिक ३० , २०७९ | | सम्पन्न गर्नु पर्ने अन्तिम मिति कार्तिक ३०, २०७९ भएकोर हाल सम्म पनि निर्माण स्थलमा विवाद भएकोले निर्माण ब्यवासाहीले मिति २०८०/०६/२३ गतेको निबेदन र वडा नं ११ को च.नं – ४२६ र मिति २०८०/०६/१७ को सिफारिस पत्र अनुसार र हाल सम्म पनि कार्य संचालन गर्न नसकिने अवस्था रहेको र सार्बजनिक खरिद ऐन २०६३ को ५९ ख बमोजिम सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्न सक्ने अवस्था रहेकोले ठेक्का रद्द गर्ने। | |
| १२. | Construction of School Building of Panchodaya Secondary School Ward No. 14 (9/DSMC/2077/78) | रु. ८६,२०,४८२.८५ | पौष १४, २०७७ | पौष ३० , २०७९ | ६५% | म्याद थप गरि सम्पन्न गर्नु पर्ने अन्तिम मिति पौष ३०, २०७९ भएकोमा सार्बजनिक खरिद नियमावली २०६४ को बाहौं संसोधनको १२० क. बमोजिमको सुबिधा उपलब्ध गराई २०८० असार मसान्त सम्म म्याद थप गर्ने र सो मिति देखि अधिकतम २०० दिन वा सम्झौता रकमको १० % सम्म नियमानुसार पुर्व निर्धारित क्षतिपुर्ति लगाई काम सम्पन्न गर्ने गरि कार्यदेश दिने र सो अवधिमा ९० % सम्म काम सम्पन्न नभएमा सोहि मिति देखि ठेक्का तोड्ने प्रक्रिया बढाउने र हाल काम गर्ने सहज वातावारण बनाउन पुर्व निर्धारित क्षतिपुर्ति लागाई Variation sheet स्वीकृति गरि Running bill भुक्तानी दिने व्यवस्था गर्ने। | २०८०, असार मसान्त सम्म |

**निर्णय नं. ३:**

मिति २०८०/०७/१७ गतेका दिन जाजरकोटमा गएको भूकम्पमा परी क्षति भएका घरपरिवारको राहत सहयोगका लागि जिल्ला विपद व्यवस्थापन समिति, कैलालीको मिति २०८०/०७/२० गतेका दिन बसेको बैठकमा छलफल भइसके पश्चात नगर प्रमुख ज्युबाट १०० क्वीन्टल मध्यम खालको चामल सहयोग गर्ने प्रतिबद्धता गरे बमोजिम चामल खरिद गर्नु पर्ने भएकोले सो सम्बन्धमा यस कार्यालयमा बिभिन्न तिन वटा फर्म क्रमश: श्री राजश्री फुड इन्डस्ट्रिज, ओम इन्टरप्राइजेज र रश्मि एग्रो प्रोसेसिङ उद्योग धनगढी, कैलालीले पेश गरेको दररेट मध्ये श्री रश्मि एग्रो प्रोसेसिङ उद्योग धनगढी-१३ ,कैलालीले प्रति के.जि.रु.६०/- का दरले पेश गरेको दररेट सबैभन्दा कम भएकोले उक्त दररेट बमोजिम एक सय क्विन्टल (१००) चामलको कुल जम्मा रकम रु.६००,०००/- (छ लाख) हुन आउने र आन्तरिक मामिला तथा कानुन मन्त्रालय वीरेन्द्रनगर सम्मको ढुवानी समेत भाडा रकम रु.३५,०००/- (पैतिस हजार) समेत गरि रु.६,३५,०००/- खर्च हुने भएकोले उक्त रकम उद्दार राहत तथा पुनर्स्थापना खर्च-२७२१२ (आन्तरिक स्रोत) बाट व्यहोर्ने र साथै सामग्री हस्तान्तरण गर्न नगर उप-प्रमुखज्युको नेतृत्वमा वडा अध्यक्ष, कार्यपालिका सदस्य र विपद व्यवस्थापन शाखा प्रमुख ज्यू सहित ८ सदस्यीय प्रतिनिधि टोली कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला मन्त्रालयलाई हस्तान्तरण गरी आउन सुर्खेत सम्म जाने भएकोले सो समेत अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

यस धनगढी उप-महानगरपालिकाको योजना तथा बजेट शाखाबाट तयार गरिएको **"धनगढी उप-महानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन"** र **"सार्वजनिक सम्पति अभिलेखीकरण तथा व्यवस्थापन सम्वन्धि पुल तथा कल्भर्टहरुको मर्मत सम्भारको लागत सहित कार्य योजना"** स्वीकृत गरियो।

**निर्णय नं. ५:**

यस धनगढी उप-महानगरपालिकाले क्षेत्रीय शहरी विकास आयोजना (RUDP) को प्राविधिक सहयोगमा तयार गरिएको तपशिल बमोजिमका प्रतिवेदनहरु स्वीकृत गरियो।

**तपसिल:**

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८०
२. Asset Management Plan, Operation and Maintenance Guidelines of RUDP projects Dhangadhi sub-metropolitan.

**निर्णय न. ६:**

यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढीको स्वामित्वमा रहेको दक्षिण पट्टिको सपिङ्ग कम्प्लेक्सको माथिल्लो तलाको कोठा न. १३ र पश्चिम पट्टी रहेको सपिङ्ग कम्प्लेक्सको कोठा न. ११ को सम्झौताको समयावधि यहि २०८०/०६/३० मा समाप्त भै रहेकोले उक्त दुवै कोठा/सटर लाई पुनः ठेक्कामा लगाउनु पर्ने भएकोले उक्त दुवै कोठा/सटरको सम्झौताको अवधि २० (बिस) वर्षको हुने गरि प्रत्येक वर्ष बढेकै रकममा १०/१० प्रतिशतले वृद्धि हुने गरि हालको न्युनतम बढाबढ रकम क्रमशः कोठा न. १३ रु. ३३,२७५।- र कोठा न. ११ को रु. २४,८५०।– न्यूनतम बढाबढ भाडा रकम हुने गरि ठेक्काको सूचना प्रकाशित गर्नका लागि २०८०/०६/०७ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकबाट निर्णय सिफारिस भई मिति २०८०/०६/०६ गते १५ दिने सिलबन्दी दररेटको सूचना प्रकाशित भएकोले उक्त कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय न. ७:**

यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.ब. २०८०/०८१ का लागि विज्ञापन कर संकलन गर्ने कार्यको ठेक्का रकम मु.अ. कर बाहेक रु. १६,७५,०००।- (अक्षरुपि सोह्र लाख पचहत्तर हजार मात्र) न्यूनतम ठेक्का बढाबढ अंक राखी मिति २०८०/०२/०८ गते, मिति २०८०/०२/२५ गते, मिति २०८०/०३/१४ गते र मिति २०८०/०३/२५ गते गरि ४(चार) पटक सिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशित गर्दा पनि ठेक्का व्यवस्थापन हुन नसकेकोले २०८०/०६/०७ गतेको राजश्व परामर्श समितिको बैठकले उक्त ठेक्काको अवधि १ (एक) आ.ब.लाई संसोधन गरी आ.ब. २०८०/०८१ देखि २०८४/०८५ को असाढ मसान्त सम्म जम्मा ५ (पाच) आ.ब समयावधि कायम हुने र हालकै ठेक्का अंक मु.अ.कर बाहेक रु. १६,७५,०००।- (अक्षरुपि सोह्र लाख पचहत्तर हजार मात्र) नै न्युनतम ठेक्का बढाबढ रकम हुने र प्रत्येक बर्ष १०/१० प्रतिशतले वृद्धि हुदै जाने र वृद्धि हुदा प्रत्येक बर्ष वृद्धि रकमलाई वृद्धिको आधार मान्ने गरी सिफारिस गरि मिति २०८०/०६/११ गते सिलवन्दी दरभाउ पत्रको १५ दिने सूचना प्रकाशित गरिएकोमा उक्त कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:**

धनगढी उप-महानगरपालिका वा.नं. १५ खुटिया नदीको पक्की पूलको उत्तर-दक्षिण तर्फ रहेको पुर्वमा वसन्त टोल, पश्चिममा खुटिया नदी, उत्तरमा लाग्ने क्रेसर र दक्षिणमा वसन्त टोलमा रहेको अनुमानित १५ कठ्ठा क्षेत्रफल जग्गामा बगर खेती गर्न आ.व. २०८०/०८१ का ठेक्का व्यवस्थापन गर्नका लागि गत आ.व.२०७९/०८० मा ठेक्का सम्झौता भएको मू.अ. कर बाहेकको रकम रु.१९,३००।-मा १०% ले वृद्धि गरि हुन आउने मु.अ.कर बाहेक रकम रु. २१,२३०।- (अक्षरुपि एक्काई हजार दुई सय तिस मात्र) लाई न्यूनतम बढाबढ ठेक्का अंक राखी १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउ पत्र को सूचना आवहान गर्न मिति २०८०/०७/१६ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

धनगढी उप-महानगरपालिका वा.नं. ६ जालीमा रहेको बासुदेवि मा.वि. बाट धनगढी पोलिटेक्निकलका लागि भाडामा लिएको ३ बिघा जमिन मध्येबाट ०-१३-१० जमिन फुलखेती गरी रहेका व्यक्ति, कृषि फर्म/संस्थाहरु लाई ५ वर्षका लागि प्रत्येक वर्ष बढेको रकममा १०% ले बृद्धि हुने गरी भाडामा दिन का लागि मू.अ. कर बाहेक रु. १,३५,०००।– (अक्षरुपि एक लाख पैतिस हजार मात्र) न्यूनतम बढाबढ अंक राखी १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउ पत्र को सूचना आवहान गर्न मिति २०८०/०७/१६ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:**

धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको स्वामित्वमा रहेको कार्यालय परिसरको पश्चिम पट्टिको सपिङ्ग कमप्लेक्सको तल्लो तलाको ३ (तिन) वटा सटरहरुको सम्झौताको अवधी समाप्त भई रहेकोले तपसिल बमोजिमका ३ (तिन) वटै सटरहरु लाई पूनः भाडामा लगाउनु पर्ने भएको ले प्रत्येक वर्ष बढेकै भाडा रकममा १० प्रतिशतले बृद्धि हुदै जाने गरी २० (बिस) वर्षका लागि १५ (पन्ध्र) दिने सिलबन्दी दररेट को सूचना आवहान गर्न मिति २०८०/०७/१६ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

| सि. न. | कोठा न. | हालको भाडा दर (प्रति महिना) | बढाबढ हुने न्यूनतम भाडा दर (प्रति महिना) | सम्झौता गरिने समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | रु. १६,५००।– | रु. १८,१५०।– | २० बर्ष | २०८० फाल्गुन मसान्तमा सम्झौता समाप्त हुने |
| २ | २ | रु. १८,७००।– | रु. २०,५७०।– | २० बर्ष | २०८० मङ्सिर मसान्तमा सम्झौता समाप्त हुने |
| ३ | ३ | रु. १९,८००।– | रु. २१,७८०।– | २० बर्ष | २०८० मङ्सिर मसान्तमा सम्झौता समाप्त हुने |

**निर्णय न. ११:**

यस उप-महानगरपालिकाको आ.ब. २०८०/०८१ का लागि तपसिल बमोजिमको शिर्षकमा तपसिल बमोजिमको बार्षिक कर स्वीकृत गरि लागु गर्न मिति २०८०/०७/१६ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय।

क. फोर व्हील एक्चेन्ज, री-कन्डिसन - ७,५००।-

ख. वन पैदावर सम्बन्धि कार्य गर्ने (सप्लायर्स) - ६,०००।–

ग. सिसा कटिङ्ग, डिजाईन, पलिस आदि - ५,०००।

**निर्णय न. १२ :**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्न चाहने घरधनीहरुले National Building Code [NBC], राष्ट्रिय भवन संहिता-२०६० अनुसार MRTवर्ग (१००० वर्ग फिट सम्म, ३ तला सम्म) का घरहरुको नक्सा उपमहानगरपालिका कार्यालयबाट तयार भएको Design Catalogue अनुसार उपलब्ध गराउने र नक्सा उपल्ब्ध गराए वाफत प्रति वर्ग फिट भुईतलाको रु. ३ र माथिल्लो तला प्रति तला रु. २ शुल्क लिने गरि मिति २०८०/०७/१६ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय न. १३ :**

धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आफै उत्पादन गरेको सयपत्री फूलको मूल्य थोकमा ५ किलो भन्दा बढी किन्नेका लागि रु. ३००।- प्रति किलो तोक्न गरि मिति २०८०/०७/१६ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय।

**निर्णय न. १४ :**

धनगढी उप-महानगरपालिका भएर बग्ने खुटिया, मोहना र शिव गंगा नदी/खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) ले धुर्जन्ना र धनचौरी घाटगद्दी स्थलमा मेसिन प्रयोगबाट नदी जन्य प्रदार्थ संकलन उत्खनन गर्नका लागि प्रतिवेदनमा उल्लेख गरेको र सोका आधारमा कुनै व्यवसायीले मेसिन प्रयोग गरि नदी जन्य प्रदार्थ संकलन उत्खनन गर्नका लागि सिफारिस माग गरेमा ब्याकुलोडर (चक्का वाला) का लागि प्रति दिन रु. १,०००।- र स्काईभेटर (चेन वाला) का लागि प्रति दिन रु. १ ५००। - सिफारिस दस्तुर लिने गरि नगर प्रमुख स्तरीय निर्णय भएकोमा उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:**

यस धनगढी उप-महानगरपालिका क्षेत्रभित्र विभिन्न सडक निर्माणका लागि क्षेत्राधिकार अनुसार सडक चौडा गर्दा सडक अधिकार क्षेत्र परेका भवन लगायतका संरचना हटाउने कार्यमा स्वयंम आफै निर्मित संरचना भत्काई क्षेत्राधिकार खाली गर्ने घरधनीहरुलाई नक्सापास दस्तुरमा छुट, Set Back मिलान, FAR आदिमा आवश्यतानुसार सुविधा प्रदान गर्न नगर प्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १६:**

मिति २०८०/०७/१७ गतेका दिन जाजरकोटलाई केन्द्रविन्दु बनाई गएको विनाशकारी भुकम्पको प्रकोपबाट दिवंगत हुनुभएकाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै दिवंगत हुनुभएकाहरुको सम्झानामा १ मिनेट मौन धारण गरी आजको यस कार्यपालिका बैठकबाट शोक प्रस्ताव पारित गरियो।

आजको बैठक अन्त गरियो।